नेपाल सरकार
# जिल्ला प्रशासन कार्यालय
काठमाडौं
(प्रशासन शाखा)

जिल्ला प्रशासन कार्यालय, काठमाडौं
गृह मन्त्रालय
बबरमहल, काठमाडौं

पत्र संख्याः ०७७/७८
च. नं. : ६६०

मितिः२०७७/०६/२७

## सेवा प्रवाह सम्बन्धी अत्यन्त जरुरी सूचना

पछिल्लो समय काठमाडौं उपत्यकामा कोभिड-१९ संक्रमणको दर अत्यधिक बढिरहेको सन्दर्भमा काठमाडौं जिल्ला समेत यसको प्रभावबाट उच्च जोखिममा रहेको अवस्था छ।संक्रमणको जोखिम बढेसंगै यस कार्यालयमा कार्यरत चार जना कर्मचारिहरुमा समेत कोरोना संक्रमणको पुष्टी भईसकेको साथै सेवाग्राहीको भिडभाड अत्याधिक बढेको र कार्यालयबाटै कोभिड -१९ को संक्रमण सेवाग्राहिहरुमा समेत फैलिन सक्ने उच्च जोखिम रहेका कारण कोभिड-१९को संक्रमणले भयावह रुप लिन सक्ने अवस्थालाई मध्यनजर गरी जिल्ला संकट व्यवस्थापन केन्द्र **(DCCMC),** सम्बन्धित सरोकारवाला निकाय, स्वास्थ्य विज्ञ समेतको छलफल, परामर्श एवं निष्कर्षका आधारमा मिति २०७७/०६/२८ गतेबाट अर्को सूचना नभए सम्मको लागि जिल्ला प्रशासन कार्यालयबाट हाल प्रवाह भईरहेका सेवाहरु तपशिल बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारिका लागि अनुरोध गरिन्छ ।

**नियमित सञ्चालनमा रहने सेवाहरु**

- शान्ति सुरक्षा सम्बन्धी सेवा
- ठाडो निवेदन र उजुरी सम्बन्धी सेवा
- मुद्दाको सुनुवाई सम्बन्धि सेवा
- विपद व्यवस्थापन सम्बन्धी सेवा

**स्थगित गरिएका सेवाहरु**

- नयाँ नेपाली नागरिकता वितरण
- नागरिकता प्रतिलिपि वितरण
- हातहतियार दर्ता, नविकरण
- संस्था दर्ता पत्रपत्रिका दर्ता साथै नविकरण सम्बन्धी कार्य

प्रमुख जिल्ला अधिकारी

कार्यालयकोठेगाना- बबरमहल, काठमाडौं, नेपाल।
फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८
इमेल :daokathmandu@moha.gov.npवेबसाइटः www.daokathmandu.moha.gov.np

नेपाल सरकार

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौं

(प्रशासन शाखा)

पत्र संख्याः ०७७/७८

च. नं. : ६६०

- निजी सुरक्षा कम्पनि नविकरण
- राहदानी वितरण
- नाबालिग परिचयपत्र वितरण
- अन्य अत्याश्यक नभएका सेवाहरु

१.अत्यावश्यक सेवाका लागि जिल्ला प्रशासन कार्यालय पपरिसरमा प्रवेश गर्ने सेवाग्राही वा व्यक्तिले नेपाल सरकारले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पुरा गरी अनिवार्य माक्सको प्रयोग गरी आउनुपर्नेछ।

२.कार्यालय परिसरभित्र रहेको स्यानिटाइजरको प्रयोग गर्ने वा साबुन पानीले नियमित हात धुने गर्नुपर्नेछ ।

३.सामाजिक भौतिक दूरी अनिवार्य रुपमा कायम राखु पर्नेछ।

४. कोरोनाको लक्षण देखिएका वा रुघाखोकी लागेका व्यक्तिहरुलाई कार्यालय प्रवेशमा निषेध गरिएको छ ।

५.सेवाग्राहिले नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गरेको नपाईएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही हुनेछ।

६.संक्रमणको अवस्थालाई मध्यनजर गरी सेवा प्रवाहको निरन्तरताको विषयमा आवश्यकता अनुसार निर्णय लिन सकिनेछ ।

७.कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि सबैको साझा दायित्व भएकोले नेपाल सरकारको तर्फबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गरिदिनुहुन सबैमा जिल्ला प्रशासन कार्यालय काठमाडौं विशेष अनुरोध गर्दछ।

जनकराज दाहाल
प्रमुख जिल्ला अधिकारी

कार्यालयकोठेगाना- बबरमहल, काठमाडौं, नेपाल।
फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८
इमेल :daokathmandu@moha.gov.npवेवसाइटः www.daokathmandu.moha.gov.np